श्री

# म्याग्दी जिल्ला अदालत

बेनी, म्याग्दी

☎:- ०६९-५२०१९५
Fax :- ०६९-५२१०३५

प.सं.:-०७६/०७७
च.नं.:- १२०

मिति २०७६।०४।२२

## सुचना। सुचना।। सुचना।।।

बिषय :- समाजसेवी,बाल मनोबिज्ञ वा बाल बिशेषज्ञको अद्याबधिक सम्बन्धमा।

यस अदालतको बाल ईजलासमा समाजसेवी, बालमनोबिज्ञ वा बाल बिशेषज्ञको रुपमा काम गर्न ईच्छुक समाजसेवी, बालमनोबिज्ञ वा बाल बिशेषज्ञको रुपमा बालबालिका सम्बन्धि ऐन २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोबिज्ञ वा बाल बिशेषज्ञको रुपमा सुचिकृत भएका नेपाली नागरिक हरुबाट यो सुचना प्रकाशित भएका मितिले ३० (तिस) दिन भित्र यस अदालतमा निबेदन दिनु हुन यो सुचना प्रकाशित गरिएको छ।

चाहिने आबश्यक योग्यता :

१.समाजसेवीका लागि :- मान्यता प्राप्त बिश्वबिद्यालयबाट सामाजिक कार्य, बालबिकास वा बाल अधिकारको बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त गरेको वा मान्यता प्राप्त बिश्वबिद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाज सेवाका सम्बन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको।

२. बालमनोबिज्ञ वा बाल बिशेषज्ञका लागि:- मान्यता प्राप्त बिश्वबिद्यालयबाट मनोबिज्ञान बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त बिश्वबिद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा मनोबिज्ञानका सम्बन्धमा कम्तिमा दुई महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको।

निबेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१.शैक्षिक योग्यता,

२.तालिम,

३.बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ६२ बमोजिम समाजसेवी,बालमनोबिज्ञ वा बाल बिशेषज्ञको रुपमा सुचिकृत भएको प्रमाण-पत्र,

४.नागरिकताको प्रमाणित प्रतिलिपी,

७६।४।२२
खिलप्रसाद बुर्लाकोटी
सेरेस्तेदार शा.अ.